# वित्तीय समीक्षा तथा सिकाई कार्यशाला प्रतिवेदन



होटेल मर्स्याङ्दी

२४ अप्रिल २०१७

# वित्तिय समीक्षा तथा सिकाई कार्यशाला प्रतिवेदन

**सन्दर्भ**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २४ अप्रिल २०१७ मा वित्तिय समीक्षा तथा सिकाई कार्यशाला आयोजना गरेको थियो । कार्यशालामा ९ महिला र ८ पुरुष गरि १७ जना सहभागि थिए ।

**सुरुवात**

प्रशासन तथा वित्त व्यवस्थापक श्री अनिता खरेलले यस कार्यक्रमको उद्धेश्य प्रष्ट पार्नुभयो । सञ्चालित विभिन्न कार्यक्रम र परियोजनाहरुको आर्थिक कारोबारमा एकरुपता ल्याउन, वित्तिय प्रणालीलाई बलियो बनाउदै लैजान, फिल्ड कार्यालयहरुको तथ्याङ्क व्यवस्थापन गरी काठमाडौं कार्यालयसँग समन्वय गराउनका साथै, संस्थाको आर्थिक नियमावली, कर्मचारी नियमावली र आयकर ऐन, २०५८ का प्रावधानहरुका बारेमा वित्त तथा कार्यक्रम दुवै तर्फका कर्मचारीहरुबीच छलफल गर्ने उद्धेश्य थियो ।

**मन्तव्य : जगत बस्नेत, संस्थागत सल्लाहकार, आत्मनिर्भर केन्द्र**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र स्थापना हुँदाको अवस्था र अहिलेको अवस्था, साथै आत्मनिर्भर सेवा केन्द्रको वित्तिय अवस्थाको बारेमा जानकारी गराउनु भयो । संस्था र संस्थाको वित्तिय अवस्था बलियो र दिगो राख्नका लागि सबैको उल्लेखनीय भूमिका रहने बारे प्रष्ट्याउनुभयो । कार्यक्रमको कर्मचारीले लेखा र लेखाको कर्मचारीले कार्यक्रमको बारेमा थाहा पाउन जरुरी छ । कार्यक्रम जति सुकै राम्रो गरे तापनि वित्तिय कारोबारमा पारदर्शी भएन भने कार्यक्रम राम्रो भएको औचित्य रहँदैन । आत्मनिर्भर सेवा केन्द्रद्वारा सञ्चालन भइरहेका परियोजनाहरुमा धेरै पैसा छ । तसर्थ परियोजना अन्तर्गतका कार्यक्रमहरुमा भत्ता, खाजा, यातायात खर्च दिन सकिन्छ तर अभियान अन्तर्गत आफैले दाल चामल उठाएर अभियानका कार्यक्रम गर्नुपर्छ । त्यसैले परियोजना र अभियानको विषयमा प्रष्ट हुन जरुरी छ । यस कार्यशालामा सबैजना प्रष्ट भएर जानुपर्छ भन्दै, संस्थाको वित्तिय प्रणाली सुधारका लागि गर्नुपर्ने पक्षहरुको पहिचान हुनुका साथै व्यावहारिक समस्याहरुको सहज निकास निस्कने छ भन्ने अपेक्षा राख्नुभयो ।

**परियोजना अनुसार प्रस्तुती :**

**सामुदायिक आत्मनिर्भर केन्द्र : मेलम्ची**

**Food Security & Livelihood परियोजना ( १ अगष्ट २०१५ देखि १० अप्रिल २०१७ )**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | १२,०२९,९४६ | १०,४६४,१७७.२३ | ८७% |
| व्यवस्थापन तथा कर्मचारी तलब खर्च | ३,८१५,६९६ | ३,६३९,७७५.७४ | ९५% |
| **जम्मा** | **१५,८४५,६४२** | **१४,१०३,९५२.९७** | **८९%** |

**Stronger Communities and Safer Habitat परियोजना ( १५ अप्रिल २०१६ देखि १५ नोभेम्बर २०१७ )**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | २३,५४३,५८६ | ७,२९३,६४६.५७ | ३०.९८% |
| व्यवस्थापन तथा कर्मचारी तलब खर्च | १५,५८०,९८६ | ७,५२५,८५८.५९ | ४८.३०% |
| **जम्मा** | **३९,१२४,५७२** | **१४,८२८,३८५.१६** | **३७.९०%** |

**Prayaas परियोजना ( १ अगष्ट २०१६ देखि ३० सेप्टेम्बर २०१७ )**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | १२,०७८,५२३ | ५,४२३,६८९.६५ | ४४.९०% |
| व्यवस्थापन तथा कर्मचारी तलब खर्च | १,८७१,५०० | ७७६,३११.३१ | ४१.४८% |
| **जम्मा** | **१३,९५०,०२३** | **६,२००,०००.९६** | **४४.४४%** |

मेलम्ची टीमको तर्फबाट वित्त तथा प्रशासन अधिकृत नविन कार्कीले ३ वटा परियोजनाहरु ( Safer Habitat, Prayaas and Food Security & Livelihood ) को आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । मेलम्ची टिममा कर्मचारी आउने छोड्ने क्रम भईरहेको छ । यसको कारण बुझ्न खोज्दा व्यक्तिगत समस्या देखाएर राजीनामा दिने गरेको देखियो । अन्यत्र जागिर पाएर छोडेको भन्ने पनि सुनिएको छ तर सम्बन्धित कर्मचारीले बताउन नचाहने र समस्याको चुरोसम्म पुग्न नसकिएको भन्ने कुरा आयो । मेलम्ची टिम र राष्ट्रिय कार्यालयसंगको सञ्चार प्रभावकारी देखिएको छैन । आर्थिक प्रतिवेदन समयमै आए तापनि प्रगती प्रतिवेदन आउन सकेको छैन । मेलम्ची परियोजना कार्यालयबाट पूननिर्माणका कार्यक्रमहरु सञ्चालन भइरहेकाले ठूलो रकमका चेकहरु सेवा प्रदायक संस्थाहरुलाई भुक्तानी गरिरहनुपर्ने हुँदा, ७५ हजार भन्दा बढीको खर्चमा कार्यकारी निर्देशकको स्विकृति आवश्यक हुने भएकाले अलि कठिनाई भईरहेको कुरा पनि उहाँले राख्नुभयो । साथै स्विकृति लिनुपर्ने दायरा बढाउन पाए राम्रो हुन्थ्यो भन्ने सुझाव समेत दिनुभयो ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र : तालामाराङ**

**CLRP परियोजना ( १ जनवरी २०१७ देखि ३१ डिसेम्बर २०१७ )**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | ४४,६५१,९२४ | ५,६७९,३४९ | १२.७२% |
| व्यवस्थापन तथा कर्मचारी तलब खर्च | १,३३२,४०८ | ३६६,३५६ | २७.४९% |
| **जम्मा** | **४५,९८४,३३२** | **६,०४५,७०५** | **१३.१५%** |

**People Led Solution for Better Accountability Practice ( १६ डिसेम्बर २०१६ देखि १६ नोभेम्बर २०१७ )**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | ३,३३९,५६० | १३८,०१७ | ४.१३% |
| व्यवस्थापन तथा कर्मचारी तलब खर्च | २,०४१,७०० | ४९६,१२५ | २४.२९% |
| **जम्मा** | **५,३८१,२६०** | **६३४,१४२** | **११.७८%** |

वित्त तथा प्रशासन अधिकृत सरोज गिरीले CLRP र PELSAP गरी २ वटा परियोजनाहरुको कार्यक्रम र खर्चको विवरण प्रस्तुत गर्नुभयो । आत्मनिर्भर केन्द्रले दिने कर्मचारीको सेवा सुविधा राष्ट्रिय तथा परियोजना कार्यालयका कर्मचारीको एकै हुनुपर्छ । कोर टिमका कर्मचारी जस्तै परियोजना कर्मचारीको पनि स्वास्थ्य विमा गरिनुपर्छ । सूचना व्यवस्थित गर्न र लाभान्वितको संख्या दोहोरिएर देखिने समस्या समाधान गर्न राष्ट्रिय कार्यालय र परियोजना कार्यालय दुबै ठाउँमा डाटाबेश बलियो र व्यवस्थित पार्नुपर्छ । मासिक बैठकलाई राष्ट्रिय कार्यालयसँग पनि समन्वय गराउन स्काईपबाट गर्ने प्रक्रियामा लैजान सके राम्रो हुन्थ्यो । कार्यालय सहायक नियुक्त गर्दा प्रशासनिक काममा सघाउन सक्ने र डकुमेन्टेशनमा सहयोग गर्न सक्ने मान्छे नियुक्त गर्दा राम्रो हुन्थ्यो । ७५ हजार भन्दा बढीको खर्चमा कार्यकारी निर्देशकको स्वीकृति भौचरमा मात्र लिने हो कि, वा बिल भरपाईमा पनि हो भन्ने कुरामा अलमल छ ।  त्यसैले बिल भरपाईमा स्विकृति गराउँदा स्विकृति गर्न पाइने दायरा हेरी सम्बन्धित व्यक्तिले नै स्विकृति गर्नुपर्ने बारेमा धेरै छलफल पछि वित्त तथा प्रशासन व्यवस्थापकले प्रष्ट पार्नुभयो । साथै, सामान ढुवानीको लागि गाडी भाडामा लिँदा कर काट्ने कुरामा कालो प्लेट नम्बरको गाडीको विल बुक, लाईसेन्सको फोटोकपि, सम्झौता पत्र भए कर काट्न पर्दैन भन्ने कुरा भयो ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र : राष्ट्रिय कार्यालय**

**ESR-MAFAR परियोजना ( १ जनवरी २०१६ देखि ३० जुन २०१८ )**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | २४,१३०,६४१ | ३,०२१,८३४ | १२.५२% |
| कर्मचारी तलब खर्च | ५,६३३,४५६ | १,२५८,९१४ | २२.३५% |
| ओभरहेड खर्च | २,०८३,४८७ | २९९,६५२ | १४.३८% |
| **जम्मा** | **३१,८४७,५८४** | **४,५८०,४००** | **१४.३८%** |

**Right to Food परियोजना (१ जनवरी २०१७ देखि ३१ डिसेम्बर २०१७)**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | ८,९९२,८९४ | ९८०,१२४ | १०.८९% |
| कर्मचारी तलब खर्च | १,५५४,७९० | ३४१,०८८ | २०.२०% |
| ओभरहेड खर्च | ३३२,०६२ | ४०,७५७ | १२.२७% |
| **जम्मा** | **१०,८७९,७४६** | **१,३६१,९६९** | **१२.५२%** |

वित्त तथा प्रशासन संयोजक गिता पण्डीतले ESR-MAFAR र Right to Food गरी २ वटा परियोजनाको कार्यक्रम र खर्चको विवरण प्रस्तुत गर्नुभयो । राष्ट्रिय कार्यालयबाट तलब जम्मा गरेको जानकारी गराईराखेका छौं, त्यसलाई निरन्तरता दिने र परियोजना कार्यालयमा पनि त्यो नियम लागु गर्दा राम्रो हुन्छ । राष्ट्रिय कार्यालयबाट परियोजना कार्यालयमा आन्तरिक अडिटको लागि महिना/महिनामा जान नसकेपनि ३/३ महिनामा अनुगमनमा जाने योजना बनाउनुपर्छ भन्ने पृष्ठपोषण प्राप्त भयो । जिल्ला मञ्चको कुरा गर्दा आर्थिक कारोबार हेर्ने कर्मचारी व्यवस्थापन विषय पढेको कै ल्याउन अलि गाह्रो हुन्छ किनभने धेरै पहिला देखि नै काम गर्दै आईरहेको दुःख पाएको कर्मचारीहरु छन् । तर यदि केही उपाय नलागेमा र उनीहरुले कुनै सुधार गर्न नसकेको अवस्थामा जिल्ला मञ्च, राष्ट्रिय मञ्च र आत्मनिर्भर केन्द्र बसेर छलफल गरी उत्तम विकल्प खोज्नुपर्ने हुन्छ भनी छलफल भयो ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र : रसुवा**

**WJR परियोजना ( १ अक्टोवर २०१६ देखि ३० सेप्टेम्बर २०१७ )**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | ५,०६४,०६१ | १,३६५,६३० | २६.९७% |
| कर्मचारी तलब खर्च | २,६८५,२९९ | १,०९७,३१८ | ४०.८६% |
| व्यवस्थापन खर्च | ८५१,६४० | ३६४,२१६ | ४२.७७% |
| **जम्मा** | **८,६०१,०००** | **२,८२७,१६४** | **३२.८७%** |

वित्त तथा प्रशासन अधिकृत सालु भुजेलले WJR परियोजनाको कार्यक्रम र खर्चको विवरण प्रस्तुत गर्नुभयो । कार्यक्रम गर्ने क्रममा विकट ठाउँहरुमा कार्यक्रम गर्दा पान बिल नपाइने हुँदा भुक्तानी भर्पाइकै प्रयोग धेरै गर्नुपरेको छ । Consultant सँग सम्झौता गर्दा समयसीमा यति नै राख्नुपर्छ भन्ने प्रावधान छ कि छैन भन्ने कुरामा छलफल गरियो । र यस्तो प्रावधान हाम्रो नियमावलीमा त छैन तर दातृ संस्था को नियमावलीमा छ भने याद गर्नुपर्ने कुरा प्रष्ट पारियो ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र : राष्ट्रिय कार्यालय**

**ALRP परियोजना (१ अप्रिल २०१६ देखि ३१ मार्च २०१७)**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | २,२२८,०२१ | २,१३७,२९१ | ९५.९२% |
| कर्मचारी तलब खर्च | ५३८,४९२ | ५२५,०१९ | ९७.४९% |
| व्यवस्थापन खर्च | १८९,२७४ | १८३,०२७ | ९६.६९% |
| **जम्मा** | **२,९५५,७८७** | **२,८४५,३३७** | **९६.२६%** |

**EFSVL परियोजना (१ डिसेम्बर २०१६ देखि ३१ मार्च २०१७)**

| बजेट शिर्षक | कूल बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| कार्यक्रम खर्च | १,०११,००० | ३८९,९३२ | ३८.५६% |
| कर्मचारी तलब खर्च | ३०६,००० | १४२,२८६ | ४६.४९% |
| व्यवस्थापन खर्च | १५८,४०० | १४९,९५८ | ९४.६७% |
| **जम्मा** | **१,४७५,४००** | **६८२,१७६** | **४६.२४%** |

वित्त अधिकृत सुमित्रा थारुले ALRP र EFSVL गरी २ वटा परियोजनाहरुको कार्यक्रम र खर्चको विवरण प्रस्तुत गर्नुभयो ।

कार्यक्रम सम्झौता भएको मितिको २/३ महिना पछि सुरु हुने भएर खर्च नहुने समस्या देखिएको छ । अबको दिनमा कार्यक्रम संयोजकले ध्यान दिन जरुरी छ । कार्यक्रमको योजना बनाउँदा नै कुन कार्यक्रममा कति बजेट राख्दा खर्च गर्न सकिन्छ भन्ने बारे विस्तृत छलफल गर्न जरुरी छ । साथै बेलाबेलामा कार्यक्रम योजना अनुसार भईरहेको छ छैन, बजेटको अवस्था कस्तो छ भन्ने निर्क्यौल गरी त्यस अनुसार बजेट परिमार्जन गर्नुपर्छ ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र : राष्ट्रिय कार्यालय (१ जनवरी देखि ३१ डिसेम्बर २०१७)**

| बजेट शिर्षक | कूल बजेट | त्रैमासिक बजेट | कूल खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| कार्यक्रम खर्च | ३,६४०,००० | १,१९६,३६४ | ० | ०% |
| कर्मचारी तलब खर्च | ४,४७२,८५७ | ७५३,३८७ | ३८१,६५७ | ९% |
| व्यवस्थापन खर्च | १,५८७,६८० | ५२२,६८० | २४९,७०९ | १६% |
| **जम्मा** | **९,७००,५३७** | **२,४७२,४३१** | **६३१,३६६** | **६.५%** |

प्रशासन तथा वित्त अधिकृत माया शाहीले Durable Solution कार्यक्रम र खर्चको विवरण प्रस्तुत गर्नुभयो । परियोजनामा क्रियाकलापहरु भैरहेको तर खर्च नभएरै काम सम्पन्न भएको देखियो । यसका साथै क्रियाकलापहरु प्रष्टसँग उल्लेख नभएकाले पनि के गर्ने भन्ने अन्यौल भएको कुरा छलफल भयो ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र : राष्ट्रिय कार्यालय**

संस्थाको प्रशासन तथा वित्तिय नियमावली, मानव संसाधन नियमावली तथा आयकर ऐन सम्बन्धी नियमहरुको प्रस्तुती प्रशासन तथा वित्त व्यवस्थापक अनिता खरेलले गर्नुभयो । संस्थाको विद्यमान नीति नियमहरु र सरकारी कर नीतिको बारेमा सहभागीहरुले थप स्पष्टताका लागि प्रश्नोत्तर र छलफल गरेका थिए ।

संस्थाको वित्तिय नियमावलीको प्रावधान अनुरुप, कुनै कार्यक्रमको लागि पेश्की स्वरुप अधिकतम रु. ३ लाख सम्म पेश्की लिन पाउने हुँदा यो सीमालाई ध्यानमा राखी पेश्की माग गर्ने गनुपर्छ । पेश्की फर्स्यौट गर्दा कार्यक्रम सकिएको १५ दिन भित्रमा फछ्र्यौट गर्नुपर्ने भए तापनि कतिपय अवस्थामा समुदायबाट र फिल्डबाट कर्मचारीहरुले पूरा कागजातहरु लिएर नआउने हुँदा, फेरी अर्को पटकमा पेश्की फर्स्यौट गर्दा १५ दिन कट्न जान्छ । यस्तो अवस्थामा के गर्न सकिन्छ भन्ने प्रश्नमा, कागजात मिलाउनको लागि २/३ दिन अगाडीको मिति राखेर भौचर उठाउन त सकिन्छ तर पेश्कि लिने कर्मचारीले बारम्बार त्यही कुरा दोहोऱ्याउँछ र उसको नियतमाथि नै शंका उत्पन्न हुने अवस्था छ भने उसको तलबबाट पेश्कि रकम घटाएर पेश्की फर्स्यौट गर्न सकिन्छ भन्ने निश्कर्ष निकालियो । पूनर्निर्माण तर्फका परियोजनाहरुमा कार्यक्रम तर्फको बजेटको तुलनामा व्यवस्थापनको लागि चाहिँ बजेट अति नै न्यून राखिएको छ । यस कारण व्यवस्थापनका साझा खर्चहरु चार्ज गर्नमा समस्या भइरहेको छ । यस बारेमा सबैको ध्यानाकर्षण हुन जरुरी छ र अबका दिनमा बजेट बनाउँदा यस्ता समस्याहरु नआउन उचित विश्लेषण गरी राष्ट्रिय कार्यालयको लागि निश्चित प्रतिशत रकम विनियोजन गर्नुपर्ने बारे छलफल गरियो । कतिपय अवस्थाहरुमा सरकारी कार्यालयका सरोकारवालाहरुलाई कार्यक्रममा निम्त्याउँदा भत्ता दिनुपर्ने हुन्छ । तर हाम्रो वित्तिय नियमावलीमा यसको प्रावधान कहीँ पनि छैन । यस्तो अप्ठेरो अवस्थामा भत्ता दिनै पर्ने भयो भने के गर्न सकिन्छ त भन्ने प्रश्नमा, परियोजना कार्यालयबाट राष्ट्रिय कार्यालयमा जानकारी गराई माईनुट गराउने तथा सरकारको दररेट अनुसार एउटा सीमा तोकेर मात्र भत्ता दिनुपर्छ भन्ने निष्कर्ष निकालियो । सरकारी नियमानुसार करकट्टी गर्नैपर्ने भुक्तानीहरुमा अनिवार्य रुपमा करकट्टी गर्ने गरौं र सानो रकमको भुक्तानी हो भनेर कर काट्नमा हेलचेक्र्याइँ गर्न नहुने बारेमा पनि छलफल गरियो ।

**समुह कार्य**

संस्थाले गरिरहेको अहिलेको कामलाई अझ व्यवस्थित र सहज बनाउन नियमावलीहरुमा संसोधन गर्न जरुरी महसुस भएकाले ३ वटा समूह विभाजन गरी, हरेक समूहले ३ वटा विषयहरु “नीति संसोधनको आवश्यकता”, “केन्द्रिय कार्यालयबाट अपेक्षित सहयोग” र “कार्ययोजना तयारी” विषयमा मेटाकार्डमा बुँदाहरु टिपोट गर्नुभयो । त्यसपछि ती बुँदाहरुलाई प्रत्येक समूहको एकजना प्रतिनिधिले सुनाउनुभयो ।

**नियमावलीमा परिमार्जन गरिनुपर्ने महसुस गरिएका कुराहरु :**

- निर्माणसँग सम्बन्धित कामको लागि भुक्तानी दिँदा पहिलो किस्ता ४०%, दोश्रो किस्ता ५०% र अन्तिम किस्ता १०% अथवा पहिलो किस्ता ४०%, दोश्रो किस्ता ४०% र अन्तिम किस्ता २०% दिने प्रावधान भए उचित हुने थियो र सम्झौता बनाउँदा सबै कुरा समेटेर सम्झौता अनुसार भुक्तानी गर्दा उचित हुन्छ ।
- DSA २,०००/- वा ५,०००/- सम्म नगदी कोषबाट भुक्तानी दिन पाउने नियम भए सजिलो हुने थियो ।
- परियोजना कार्यालयमा बिल तथा भौचरहरु कार्यक्रम संयोजकले स्विकृति गर्ने सीमा रु. २००,०००/- सम्म र खरिद प्रक्रिया अनुमोदन गर्ने सीमा रु. ३००,०००/- सम्म भए सजिलो हुने थियो ।

- पेश्की माग २ दिन अगाडी र निकासा १ दिन अगाडी गर्न पाउने गरि नीति परिमार्जन गर्न पाए हुन्थ्यो ।
- दशैं बोनस दिदा नयाँ कर्मचारीको ३ महिना सम्म परीक्षणकाल कटाएर बाँकी दिनको मात्र भुक्तानी दिने नियम छ तर परीक्षणकालको तीन महिना पनि नयाँ कर्मचारीले कार्यालयमा योगदान दिएको हुन्छ त्यसैले परिक्षणकाल नकटाएर दशैं बोनस दिने व्यवस्था बनाउन पाए हुन्थ्यो ।
- परियोजनामा काम गर्ने कर्मचारीहरु आत्मनिर्भर केन्द्र भित्र ५ वर्ष भन्दा बढी समय काम गरेको खण्डमा उपदान दिने व्यवस्था गरिने र उनीहरुको समय अवधी गणना गरिने व्यवस्था राख्नुपर्ने ।

**राष्ट्रिय कार्यालयबाट अपेक्षित सहयोगहरु :**

- परियोजना सञ्चालन गरिरहेको फिल्ड कार्यालयमा वित्तीय विभागबाट त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने ।
- वित्तीय कर्मचारीलाई समय समयमा वित्तीय तालिमहरुमा पठाउनुपर्ने ।
- मासिक मिटिङमा हेड अफिसबाट सहभागी हुने ।
- अर्धवार्षिक रुपमा कार्यसमितिबाट फिल्ड भिजिट गर्नुपर्ने ।

**कार्ययोजना तयारी :**

| क्र.सं. | कार्ययोजना | समय अवधी | जिम्मेवारी |
|---|---|---|---|
| १. | वित्तिय नियमावली परिमार्जन | जुन २०१७ | कार्यकारी निर्देशक/ कार्यकारी समिति |
| २. | कर्मचारी बिमा गर्नका लागि बजेट | जुन २०१७ | वित्त अधिकृत/ परियोजना संयोजक |
| ३. | कार्यक्रमको विश्लेषण तथा योजना निर्माण | त्रैमासिक रुपमा | परियोजना संयोजक/ अभियान व्यवस्थापक |
| ४. | परियोजना बजेट एवं कार्यक्रम समीक्षा | त्रैमासिक रुपमा | परियोजना वित्त अधिकृत/ वित्त तथा प्रशासन व्यवस्थापक |
| ५. | परियोजना कार्यालय र राष्ट्रिय कार्यालय बीचमा सञ्चार एवं समन्वय | - | सम्बन्धित परियोजनाका सम्पूर्ण कर्मचारी |
| ६. | खरिद प्रक्रिया अवलम्बन र पूर्ण रुपमा कागजात व्यवस्थापन | मे २०१७ | वित्त अधिकृत/ परियोजना संयोजक/ वित्त तथा प्रशासन व्यवस्थापक |
| ७. | परियोजना कार्यालयको आर्थिक हिसाब किताबको समीक्षा एवं मूल्यांकन | त्रैमासिक रुपमा | वित्त तथा प्रशासन संयोजक/ वित्त तथा प्रशासन व्यवस्थापक |
| ८. | कार्यसमितिबाट परियोजना कार्यालय तथा कार्यक्षेत्रको अवलोकन | अर्धवार्षिक रुपमा | कार्यकारी निर्देशक/ कार्यकारी समिति |

**समापन :** कार्यकारी निर्देशक, जगत देउजा

सन् २००० जुलाई तिर हामीसँग एकजना पनि Finance को कर्मचारी थिएन अहिले Finance को मात्र एउटा workshop गर्न मिल्ने टिम छ । यो अवस्थामा पनि हामीले CSRC को Finance लाई बलियो बनाउन सकेनौ भने सायदै यस्तो सुनौलो अवसर आउला। एउटा NGO जुन एउटा गाँउमा जन्म्यो । आज Admin & Finance टिममा मात्र १०/१२ जनाको टिम जसमा एकसे एक विज्ञहरु हुनुहुन्छ । त्यसकारण मेरो तपाईहरुसँग के अपेक्षा हुन्छ भन्दा यति खेर हामीले Financial Management system लाई एकदम उचित र प्रभावकारी बनाएर लिएर जानुपर्छ ।

तपाईहरु जोजो आउनुभएको छ सबै सक्षम हुनुपर्छ । नीति बलियो र व्यवहारिक बनाऔं र त्यहि अनुसार चलौं । नीति भन्दा बाहिर कोही पनि नजाऔं ।नीति भन्दा बाहिर गयो भने संस्था पनि रहँदैन र काम गर्न पनि मज्जा आउँदैन । अब एउटा कुरा के हुन्छ भन्दा, चाहे वित्तको होस वा कार्यक्रमको, आत्मनिर्भर केन्द्रको कर्मचारी जसलाई म टिम मेम्बर भन्न रुचाउँछु, ऊ आफ्नो संगठनको Ethos लाई फलो गर्न तयार हुनुपर्छ । तपाईंहरुले जति पनि नियमावलीको वारेमा बोल्नुभयो त्यो नियमावली भन्दा माथि संस्थाको Ethos हुन्छ । त्यो भनेको हाम्रो जुन सपना छ, हरेक कर्मचारीले त्यो सपना पूरा गर्नका लागि आफ्नो effort दिएर जानुपर्छ । अनि मात्र त्यो कर्मचारी हुन्छ अनि मात्र त्यो संस्था रहन्छ । त्यसैले हाम्रो Ethos लाई पालना गर्नुपर्छ । हामीमा के हुन्छ भने, कसैले केही काम कार्यविवरणमा गरायो भने यो मेरो कार्यादेशमा लेखेको छैन भन्ने कुरामा हामी जान्छौं । हो उचित व्यवस्थापनको लागि, सबै भन्दा राम्रो त कार्यादेशमा बाँधिएको राम्रो तर हाम्रो आफ्नै कुनै दिगो आयस्रोत नभएको संस्थामा यस्तो व्यवहार चल्छ जस्तो लाग्छ त तपाईंहरुलाई ?

मैले आज यहाँहरुलाई जानकारी र अनुरोध गर्न खोजेको कुरा के हो भने, हामी सबै काम गर्ने साथीहरुले पहिला परियोजना भन्दा माथि उठेर संगठन को mission लाई चाहिँ राम्रोसँग सम्झिनुपर्‍यो । यो एउटा फरक खालको संगठन हो मलाई याद छ, जब म नेपालगंजको एउटा होटेलमा बसिरहेको थिएँ, दुई जना व्यक्तिहरुले कुरा गरेको सुनेँ । उनीहरु भन्दै थिए- एक पटक ६ महिना मात्र भएपनि एक्सन एडको कर्मचारी हुन पाए हुन्थ्यो । एक्सन एडको त्यस्तो इमेज थियो उनीहरुको काम गर्ने प्रक्रियाहरु धेरै फरक खालको थियो । हाम्रो पनि संस्थाको mission लाई योगदान गर्नका लागि हामीहरु मथि उठ्नुपर्छ जस्तो लाग्छ । अर्को चाहिँ हामी सबैले संगठनको मूल्यलाई आत्मसाथ गर्नुपर्छ । संगठनको कर्मचारी हुने, त्यसको तलब हामीले लिने तर मूल्यलाई हामीले नअपनाउने हो भने हामी अरु भन्दा फरक हुन सक्छौं त ? अर्को चाहि भन्न खोजेको कुरा के छ भने Finance टिमको Goal के हो ? कसैले खातामा राखेको पैसाको जोड घटाउ गर्ने मात्र तपाईको Goal हो या सम्पूर्ण संगठनको मिसनमा योगदान गर्ने Goal हो त ? खाली त्यो हिसाब मात्र गर्नलाई प्राविधिक ज्ञानले जसले पनि गर्ला, बिलहरु जोड्ला, बिलहरु टाँस्ला, तर त्यो भन्दा धेरै काम गर्न र संस्थालाई वास्तवमै योगदान पुर्‍याउन हामीले हाम्रो परिधि भन्दा बाहिर जानुपर्छ जस्तो लाग्छ ।

**कार्यक्रमका केही तस्विरहरुः**









धन्यवाद !